मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १ गते शुक्रबार ❑ 13 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रधानमन्त्री कार्कीद्वारा सोलुखुम्बुलगायत क्षेत्रमा निर्वाचन तयारीबारे जानकारी

**रासस**
काठमाडौं, २९ माघ

प्रधानमन्त्री सुशीला कार्कीले बिहीबार सोलुखुम्बुलगायत जिल्लाको भ्रमण गरी निर्वाचन तयारी र वस्तुस्थितिबारे जानकारी लिनुभएको छ।



प्रधानमन्त्री कार्कीले सोलुखुम्बुको नाम्चे र सल्लेरीमा स्थानीय बासिन्दा तथा सरकारी निकायका अधिकारीसँग छलफल गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

सल्लेरीमा मुख्य निर्वाचन अधिकृत चन्द्रकुमार पोखरेल, प्रमुख जिल्ला अधिकारी लीलाकुमारी केसी पाण्डे, प्रमुख सेनानी विजय प्रकाश आङ्देम्बे, प्रहरी नायब उपरीक्षक मनोजित कुँवर, सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज पाण्डेय, स्थानीय जनप्रतिनिधि लगायतको उपस्थितिमा छलफल भएको थियो। सल्लेरीस्थित जिल्ला समन्वय समितिको कार्यालयमा आयोजित कार्यक्रममा मुख्य निर्वाचन अधिकृत पोखरेल र प्रमुख जिल्ला अधिकारी केसीले निर्वाचन तयारीबारे जानकारी गराउनुभएको थियो। प्रमुख जिल्ला अधिकारी केसीले शान्तिसुरक्षाका दृष्टिले कुनै समस्यानरहेको, यहाँको जनजीवन शान्त रहेको र हालसम्म मौसमी प्रतिकूलतासमेत नदेखिएको जानकारी गराउनुभएको थियो। विगत केही वर्षयताको मौसमी विवरण हेर्दा फागुनमा हिमपातका घटना कमै भएको उल्लेख गर्दै उहाँले हिमपात भइहाले उच्च हिमाली क्षेत्रका केही स्थानमा वैकल्पिक व्यवस्था गर्नुपर्ने हुनसक्ने बताउनुभयो।

प्रधानमन्त्री कार्कीले हालसम्मको प्रगतिप्रति खुसी व्यक्त गर्दै आगामी निर्वाचन शान्तिपूर्ण र विश्वसनीय वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो। "यो निर्वाचन सामान्य अवस्था र नियमित प्रकृतिको होइन। हामी विशेष अवस्थामा चुनाव गर्दैछौं। त्यसैले यसलाई विशेष तयारीका साथ सम्पन्न गर्नुपर्छ। सकेसम्म धेरै मतदाता सहभागी गराउन हाम्रो प्रयास रहनुपर्छ", उहाँले भन्नुभयो,"स्वतन्त्र र विश्वसनीय वातावरणमा धेरैभन्दा धेरै मतदाताले आफ्नो मताधिकार प्रयोग गर्न पाउनुपर्छ। त्यसका लागि हामीले सकेको सबै प्रयत्न गर्छौं, गर्नुपर्छ। फागुन २१ गते एकैदिनमा देशभर एकसाथ निर्वाचन हुन्छ।"

प्रधानमन्त्री कार्की नेतृत्वको टोलीले भोजपुरमा पनि निर्वाचन तयारीबारे जानकारी लिएको छ। भोजपुरमा मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश नारायणप्रसाद दाहाल र जिल्लास्थित सुरक्षा प्रमुखहरुसँग अन्तर्क्रिया गरिएको थियो। भोजपुरमा पनि सुरक्षासँग सम्बन्धित चुनौती खासै नरहेको जिल्ला सुरक्षा प्रमुखहरूले जानकारी दिनुभयो। प्रधानमन्त्री कार्कीसँगै उहाँका प्रेस सल्लाहकार रामबहादुर रावल, प्रमुखस्वकीयसचिव आदर्शकुमार श्रेष्ठलगायतको टोली भ्रमण टोलीमा रहेको छ।

## राष्ट्रलाई अप्ठेरो परेका बेला दलहरूबीच सहकार्य हुँदै आएको छ : संयोजक प्रचण्ड

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ माघ

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले विभिन्न कम्युनिष्ट पार्टीमा राजनीतिक मतभेद भए पनि राष्ट्रलाई अप्ठेरो परेका बेला सहकार्य हुँदै आएको बताउनुभएको छ।

आज जिल्लाको गलकोटमा आयोजना गरिएको नेकपा र राष्ट्रिय जनमोर्चाको संयुक्त चुनावीसभालाई सम्बोधन गर्दै उहाँले देशभर एकताको सन्देश दिने गरी बागलुङमा सहकार्य गरिएको बताउनुभयो। संयोजक दाहालले जनमोर्चासँगको चुनावी तालमेलले नेपालभर एकताको सन्देश दिएको र यो सहकार्य चुनावपछि पनि कायम रहने बताउनुभयो। "विभिन्न कम्युनिष्ट पार्टीमा राजनीतिक मतभेद छन्, तर राष्ट्रलाई अप्ठेरो पर्दा विगतमा पनि सहकार्य गर्दै आएका छौं। यसपटक पनि देशलाई सङ्कटबाट टार्न कार्यगत एकता र गठबन्धन हुन्छ", उहाँले भन्नुभयो,"गत भदौं २३ र २४ मा भएको आन्दोलनपछिको अवस्थालाई हेरेर हामीले पार्टी एकता र सहकार्य अगाडि बढाएका छौं। त्यही क्रममा जनमोर्चासँग सहकार्य भएको हो।" नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले देश गम्भीर सङ्कटमा परेको र निर्वाचनले सही मार्गमा ल्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले आगामी फागुन २१ मा हुने निर्वाचनलाई सामान्य रूपमा नलिन आग्रह गर्दै देशको हितमा काम गर्नेलाई पहिचान गरेर मतदान गर्न आग्रह गर्नुभयो।

यहाँ रहेका दुई निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं १ मा नेकपाले जनमार्चाका कृष्ण अधिकारी र क्षेत्र नं २ मा जनमोर्चाले नेकपाका उम्मेदवार ज्ञामनाथ गैरेलाई सघाउने सहमती भएको कार्यक्रममा जानकारी दिइयो।

## तनहुँमा निर्वाचनसम्बन्धी १६ उजुरी

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ माघ

तनहुँ क्षेत्र नं १ राष्ट्रिय राजनीतिसँग जोडिएको प्रभावशाली मानिएको छ। निर्वाचन नजिकिँदै गर्दा अझ बढी प्रभाव बढ्दो क्रममा यो क्षेत्र परेको छ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा चर्चा भएकामध्ये तनहुँ क्षेत्र नं १ पनि बढी चर्चामा रहेको छ। यस क्षेत्रलाई जति जोखिम र सकस मानिए पनि यस पटकको निर्वाचनमा हालसम्म लिखित उजुरी नपरेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिनुभयो।

"मौखिक उजुरी १६ वटा परेको छ, तर लिखित उजुरी हालसम्म परेको छैन", उहाँले भन्नुभयो, "विशेषगरी टिसर्ट, ब्याच वितरण, डिजिटल बोर्डमार्फत चुनावी प्रचारप्रसार भएको मौखिक उजुरी परेको छ, भने लिखित परेको छैन।" मौखिक परेका उजुरीको समाधान भइसकेकोसमेत लम्सालले बताउनुभयो। यस्ता किसिमका प्रचारप्रसारमार्फत् मतदातालाई प्रभावित नपार्न आग्रह गरिएको उहाँले बताउनुभयो।

तनहुँ जिल्लामा कूल मतदाता दुई लाख ५४ हजार ३७९ मध्ये महिला मतदाता एक लाख ३० हजार ९०६ र पुरुष एक लाख २३ हजार ४९१ रहेका निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिनुभयो। तनहुँ-१ क्षेत्रमा मात्रै एक लाख ३६ हजार ११८ मतदाता रहेका छन् भने तनहुँ-२ मा एक लाख १८ हजार २७९ मतदाता रहेका छन्। यस पटकको निर्वाचनमा थपिएका मतदाता तथा युवाको मतमा निर्भर रहने अवस्था देखिएको छ। तनहुँ-१ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा स्वर्णिम वाग्ले र नेपाली कांग्रेसका गोविन्द भट्टराई तथा नेकपा (एमाले)का पूर्वमन्त्री भगवती न्यौपानेबीच नै प्रतिस्पर्धा हुने भएको छ। मुख्य यी तीन पार्टीका साथै स्वतन्त्र उम्मेदवार, राष्ट्रिय प्रजातन्त्र पार्टी तथा अन्य पार्टी पनि चुनावी मैदानमा छन्। राजनीतिक प्रतिस्पर्धा पुराना तथा नयाँ दलबीच प्रत्यक्ष रुपमा देखिएको छ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँ क्षेत्र नं १ अत्यन्तै प्रतिस्पर्धात्मक देखिएको छ। त्यस्तै नेकपाबाट विद्यानाथ ढकाल उम्मेदवार बन्नुभएको छ। त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले रामदत्त जोशीलाई उम्मेदवार बनाएको छ। त्यसैगरी श्रम संस्कृति पार्टीका काशिराम गुरुङ, स्वतन्त्र उम्मेदवार दीपकराज जोशी, उज्यालो पार्टीका मञ्जिल रानालगायत दलका उम्मेदवार यस क्षेत्रमा आफ्नो पक्षमा मत पार्ने कसरतमा हुनुहन्छ।

## पोखरामा फोहरको अल्पकालीन व्यवस्थापनका लागि ठाउँको खोजी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ

पर्यटकीय राजधानी पोखरामा एक महिनादेखि नियमित रुपमा फोहर उठ्न सकेको छैन। सडकछेउ र चोकमा फोहर थुप्रिन थालेपछि पोखरा महानगरपालिकाले अल्पकालीन व्यवस्थापनका लागि ठाउँको खोजी गरिरहेको छ।

पोखरा-३२ लामेआहालमा रहेको अस्थायी फोहर व्यवस्थापन केन्द्र भरिएपछि समयमा फोहर उठ्न नसकेको हो। महानगर प्रमुख धनराज आचार्यले एक/दुई दिनभित्रैमा फोहर नियमित रुपमा उठाइने बताउनुभयो। उहाँले फोहरको अल्पकालीन व्यवस्थापनका लागि महानगरका विभिन्न वडामा ठाउँको खोजी भइरहेको बताउनुभयो। महानगरले बुधबार फोहर व्यवस्थापनका विषयमा सर्वपक्षीय र सर्वदलीय बैठक राखी सहयोगको प्रतिबद्धता मागेको थियो। उक्त बैठकले फोहर व्यवस्थापनमा महानगरलाई सघाउने निचोड निकालेको महानगरका इञ्जिनियर एवं 'रिसाइकलिङ र अपसाइकलिङमार्फत हरित रोजगारी सिर्जना परियोजना'का सहजकर्ता नेत्र तिमिल्सिनाले बताउनुभयो।

"अस्थायी रुपमा फोहर व्यवस्थापनका लागि ठाउँको खोजीमा लागिरहेका छौं, आइतबारदेखि नियमित रुपमा फोहर उठ्ने वातावरण बन्छ", उहाँले भन्नुभयो, "फोहर व्यवस्थापनमा महानगरबासीको सहयोगको खाँचो छ, कतैबाट अवरोध नहोस्।" महानगरले फोहरको दीर्घकालीन व्यवस्थापनका लागि निजी क्षेत्रसँगको सहकार्यमा फोहर व्यवस्थापन केन्द्र निर्माण गर्ने योजना अघि बढाएको उहाँको भनाइ छ। उक्त केन्द्र निर्माण नहुँदासम्मलाई फोहरको अल्पकालीन व्यवस्थापन गरिने भएको हो। सडकमा मात्र नभएर घरघरमै फोहर थुप्रिएकाले तत्काल उचित व्यवस्थापन हुनुपर्ने स्थानीयवासीको माग छ। केही वर्षअघिसम्म पोखरा-१८ बाच्छेबुडुवामा रहेको ल्याण्डफिल्ड साइट निर्माण गरी फोहर व्यवस्थापन हुँदै आएको थियो। पोखरा अन्तर र्ष्ट्रिय विमानस्थल सञ्चालनमा आएपनि उक्त ल्याण्डफिल साइट बन्द गरिएको थियो। त्यसपछि पोखरा-३२ लामेआहालमा अस्थायी ल्याण्डफिल साइट निर्माण गरी फोहर व्यवस्थापन गरिँदै आएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशमा एक वर्षमा २२ लाख कन्डम खपत, प्रयोग दर घट्दो

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ


गण्डकी प्रदेशमा २२ लाख कन्डम खपत भएको छ। विश्व कन्डम दिवसको पूर्वसन्ध्यामा पोखरामा बिहीबार आयोजित पत्रकार अन्तरक्रिया कार्यक्रममा गण्डकी प्रादेशिक जनस्वास्थ्य केन्द्रका एचआइभी फोकल पर्सन लक्ष्मण बसौलाले कण्डमको प्रयोगमा सरकारी तथ्यांक प्रस्तुत गर्दै गत बर्ष २०८१/०८२ मा २२ लाख कण्डम खपत भएको बताउनु भएको हो।




उहाँका अनुसार अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा गण्डकी प्रदेशमा २३ लाख ९७ हजार कन्डम खपत भएको थियो। अघिल्लो बर्षको तुलनामा पछिल्ला बर्षमा कण्डमको खपत दर घट्दो क्रममा रहेको फोकल पर्सन बसौलाले जनाउनु भयो। चालु आर्थिक वर्षको पहिलो छ महिनामा मात्रै ९ लाख ५३ हजार ६ सय १८ वटा कन्डम वितरण भएको उहाँले जनाउनु भयो। उक्त तथ्यांक सरकारी निकायमार्फत वितरण गरिएको परिमाणमा आधारित हो भने निजी क्षेत्रको खपत समेटिएको छैन। "पोखरा क्षेत्रमा मात्र १०० भन्दा बढी निजी मेडिकल पसल सञ्चालनमा छन्, तर त्यहाँको खपतको विवरण हाम्रो तथ्यांकमा समावेश छैन," बसौलाले बताउनुभयो। उहाँले परिवार नियोजनको अस्थायी साधनका रूपमा प्रयोग हुने कन्डम खरिदका लागि प्रदेशमा वार्षिक करिब १० लाख रुपैयाँ बजेट विनियोजन हुने गरेको उल्लेख गर्नुभयो। आर्थिक महाशाखाबाट जिल्ला हुँदै पालिका र वडासम्म बजेट तथा सामग्री वितरण गरिँदै आएको उहाँले जानकारी दिनुभयो। प्रदेशमा हाल ३ हजार ६६ जना एचआइभी संक्रमित रहेको तथ्यांक सार्वजनिक गर्दै बसौलाले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) पोखरामा १ हजार ५ सय ९४ जनाले एआरटी सेवा लिइरहेको बताउनुभयो। कार्यक्रम संयोजक राधेश्याम श्रेष्ठले पछिल्लो समय वैदेशिक दातृ निकायको सहयोग घट्दै गएको बताउनुभयो। "अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपतिमा नियुक्त भएपछि नेपालमा आउने केही दातृ निकायको अनुदानमा कमी आएको छ," उहाँले भन्नुभयो। स्पष्ट सरकारी नीति अभावमा कन्डम वितरण तथा यौनरोग नियन्त्रण कार्यक्रम सञ्चालनमा चुनौती थपिएको उहाँको भनाइ थियो। मागअनुसार कन्डम उपलब्ध गराउन एनजीओ तथा आईएनजीओहरूलाई कठिनाइ भइरहेको उहाँले उल्लेख गर्नुभयो। एचआइभी एड्स, अन्य यौनरोग तथा अनिच्छित गर्भबाट बच्न कन्डमको सही र नियमित प्रयोग आवश्यक रहेको संयोजक श्रेष्ठले बताउनु भयो। पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख भरतराज पौडेलले यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तह, प्रदेश सरकार र साझेदार संस्थाबीच समन्वय अपरिहार्य रहेको बताउनुभयो।

एड्स हेल्थकेयर फाउण्डेसन (एएचएफ) का संयोजक विद्या कोइरालाले विश्व कन्डम दिवसका अवसरमा पोखरा सभागृहमा सचेतनामूलक गीत प्रतियोगिता आयोजना गरिने जानकारी दिनुभयो। हरेक वर्ष फेब्रुअरी १३ मा मनाइने उक्त दिवसका अवसरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने उहाँले बताउनुभयो। महिला कन्डमको प्रयोग दर राष्ट्रव्यापी रूपमा करिब ३ प्रतिशत मात्र रहेको बताइएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।

- विदुरनीति

## सम्पादकीय

# दैलेखमा भेटियो ग्यासको खानी

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली उठाउदै आएको ग्याँसखानीको कुरा अहिले प्रमाणि भएको छ । खानी दैलेखलमा दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास परिमाणमा खनिज ग्यासको भण्डारण रहेको पुष्टि भएको छ। चीनको ‘ चाइना जियोलोजिकल सर्वे’ कम्पनीले नेपाल सरकारलाई बुझाएको अन्तिम अन्वेषण प्रतिवेदनअनुसार जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण रहेको पाइएको हो ।

खानी तथा भूगर्भ विभागका प्रवक्ता धर्मराज खड्काका अनुसार चिनियाँ टोलीको विस्तृत अध्ययनपछि सो तथ्याङ्क सार्वजनिक गरिएको छ । यसअघि गरिएको प्रारम्भिक प्रतिवेदनमा सो क्षेत्रमा एक अर्ब १२ करोड घनमिटर ग्यास हुन सक्ने अनुमान गरिएको थियो । थप परीक्षण र अन्तिम अध्ययनले पूर्वअनुमानभन्दा निकै ठूलो परिमाणमा ग्यास रहेको प्रमाणित गरेको विभागका प्रवक्ताको भनाइ छ।

भण्डारण पुष्टि भए पनि यसको व्यावसायिक उत्पादन र उत्खनन क्षमताको वास्तविक जानकारी भने ‘वेल टेस्टिङ’पछि मात्र प्राप्त हुने विभागले जनाएको छ। “अहिले खानी विभागले भण्डारणको आकार मात्र पत्ता लगाएको छ। वेल टेस्टिङ नगरी कति ग्यास बाहिर निकाल्न सकिन्छ र कुन प्रविधि उपयुक्त हुन्छ भन्नेबारे परीक्षण नगरेसम्म अन्तिम टुंगो लाग्दैन ।” अबको चरणमा ‘ड्रिल’ गरिएको स्थानमा अन्य उपकरण प्रयोग गरी चट्टान फुटाउने वा प्राकृतिक ग्यासलाई विस्थापित गर्ने प्रक्रिया अपनाइनेछ । त्यसपछि निस्कने ग्यासमा भएका तत्त्वको प्रयोगशाला परीक्षण गरिनेछ र मात्र व्यावसायिक उत्पादनको प्रक्रिया अघि बढ्नेछ।

नेपाल सरकार र चीनको जियोलोजिकल सर्वेबीच दुई अर्ब ४० करोडको आर्थिक तथा प्राविधिक सहयोगमा पेट्रोलियम खानी अन्वेषण गर्ने सम्झौता भएको थियो । सोहीअनुसार चिनियाँ टोलीले : सेस्मिक सर्वे, जियोलोजिकल सर्वे, म्याग्नेटोटेल्युरिक सर्वे र जियोकेमिकल सर्वे सम्पन्न गरिसकेको विभागका प्रवक्ताले जानकारी दिएका छन् । हाल प्राप्त अन्तिम प्रतिवेदन माथि विभागले थप अध्ययन गरिरहेको छ भने बाँकी कामका लागि अनुदान सहयोग गरिदिन नेपाल सरकारले चीन सरकारलाई आग्रह गरेको छ।

विज्ञहरूका अनुसार दैलेखमा फेला परेको ग्यास अमेरिकामा उत्खनन गरिने ‘सेल वा टाइट ग्यास’ प्रकृतिको छ। यस्तो ग्यास चट्टानका पत्रमा च्यापिएर रहने भएकाले यसलाई निकाल्न निकै कठिन हुन्छ । व्यावसायिक प्रयोजनका लागि निकाल्न चट्टान फोडेर ग्यास निकाल्नुपर्ने चुनौती छ। दैलेखमा परापूर्वकालदेखि ज्वाला बल्दै आएका श्रीस्थान, नाभीस्थान, पादुका र तल्लो डुंगेश्वर क्षेत्रलाई आधार मानेर २०७६ असोजदेखि अन्वेषण सुरु गरिएको थियो । फागुन २१ हुन लागेको निर्वाचनमा पनि दैलेखका राजनीतिक दलले यो ग्यास उत्खननलाई आफ्नो मुख्य चुनावी एजेन्डा बनाएका छन् । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला कामले तिव्रता पाएकै कारण दैलेख खानीको भण्डार भएको प्रमाणित भएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : अप्रत्यसित लाभ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शत्रुको भय | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# हिउँले सेताम्मे मनाङका मतदान केन्द्र

**पोखरापत्र संवाददाता**
मनाङ, २९ माघ

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनको मिति छोटिँदै गएको छ । देशैभर निर्वाचनको तयारी तीव्र र उम्मेदवार चुनावी प्रचारप्रसारमा जुटेका छन्। विकट एवम् हिमाली जिल्ला मनाङमा तयारी भइरहेको अवस्था छ । तर, हिमपातले निर्वाचनलाई प्रभावित पार्नसक्ने अवस्था देखिएको छ।

यहाँको माथिल्लो क्षेत्रमा भने हिउँका कारण मतदान केन्द्र र आसपासका क्षेत्र हिउँले सेताम्मे बनेको छन् । हिउँले ढाकिएका मतदान केन्द्र अनुगमन, तयारीमा कठिन भएको सहायक प्रमुख जिल्ला अधिकारी एवम् सूचना अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । “यतिबेला निर्वाचनको तयारी मुख्य बनेको समयमा हिमाली क्षेत्रमा सकस भएको छ, अनुगमन, मतदान केन्द्रको व्यवस्थापन गर्नुपर्ने समय हो, तर हिमपातले समस्या भएको छ”, उहाँले भन्नुभयो।

तल्लो क्षेत्रमा चिसो बढिरहेको छ, भने माथिल्लो क्षेत्र हिउँले सेताम्मे भएको पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, “एक त हिमाली क्षेत्रका अधिकांश बासिन्दा जाडो छल्न बाहिर गएका छन्, सडक सञ्जालको पहुँचमा नपुगेको नार्पाभूमि गाउँपालिकामा निर्वाचनको तयारी गर्न सकस भएको छ।” हिउँले बाटो नै नदेखिने अवस्थामा रहेको जानकारी प्राप्त भएको उहाँले बताउनुभयो । कूल मतदाता सात हजार रहेको छ, भने यहाँ एक अस्थायी गरी २९ वटा मतदान केन्द्र निर्धारण गरिएको छ । त्यसमध्ये माथिल्लो क्षेत्रका मतदान केन्द्र हिउँले भरिएका छन् । मनाङ डिस्याङ गाउँपालिका र नार्पाभूमि गाउँपालिका अहिले हिउँले सेताम्मे रहेका छन् । उहाँले भन्नुभयो, “माघ अन्तिम सातादेखि चैत पहिलो सातासम्म मनाङ फर्कने स्थानीयवासी हिमपातले फर्कन सकेका छैनन्, निर्वाचनका लागि अब छिट्टै फर्कने अपेक्षा गरिएको छ, तर हिमपातले यात्रा सहज बनाउनका लागि सडक सञ्जालको व्यवस्थापनलाई पनि प्राथमिकतामा राखेर काम गरिरहेका छौं।” चार वटा स्थानीय तह रहेको यस जिल्लाका हिमपात हुने समय भएकाले जोखिमयुक्त देखिएका छन् । तीन पालिका सडक सञ्जालको पहुँचमा रहेका छन् । तर, नार्पाभूमि गाउँपालिकामा हालसम्म पनि सडक सञ्जालको पहुँच पुगेको छैन । जसले यहाँका निर्वाचन कर्मचारी, मतपेटिकालगायतका निर्वाचनमा आवश्यक सामग्री ढुवानीमा पनि समस्या हुने देखिएको छ। नार्सौं गाउँपालिकामा नौ, चामेमा एक अस्थायीसमेत गरी छ, नार्पाभूमिमा पाँच र मनाङ डिस्याङमा नौ मतदान केन्द्र रहेको निर्वाचन कार्यालयले जनाएको छ । नार्पाभूमिका पाँच र मनाङ डिस्याङका नौ वटा मतदान केन्द्र हिउँले ढपक्क छोपिएको अवस्थामा रहेका छन् । एउटा मात्रै निर्वाचन क्षेत्र रहेको यहाँ प्रतिनिधिसभा सदस्य पदका लागि प्रतिस्पर्धा हुने भएको छ। छ वटा दलको मनोनयन दर्ता भए पनि नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टीले नेपाली कांग्रेसलाई समर्थन गर्ने भएपछि नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी र मङ्गोल नेशनल अर्गनाइजेनबीच प्रतिस्पर्धा हुने भएको छ।

# आँबुखैरेनीमा रेन्बो ट्राउट माछापालनको परीक्षण

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ माघ

आँबुखैरेनी गाउँपालिकाले पहिलो पटक रेन्बो ट्राउट माछापालनको प्रारम्भिक परीक्षण गरेको छ । कृषिमा नयाँ सम्भावनाको खोजी गर्दै मत्स्यपालन क्षेत्रमा महत्वपूर्ण पहलका लागि पहिलो पटक रेन्बो ट्राउटको परीक्षण गरिएको हो।

आँबुखैरेनी-२ स्थित खोलागाउँमा रहेको साहारा कृषि तथा पशुपक्षी फार्मसँगको साझेदारीमा रेन्बो ट्राउट माछापालनको सम्भावनाबारे प्रारम्भिक परीक्षण थालिएको गाउँपालिकाका पशुसेवा शाखा प्रमुख डा सन्तोष देवकोटाले जानकारी दिनुभयो।

हाल सुरुआती चरणमा एक हजार ५०० रेन्बो ट्राउट माछाका भुरा पोखरीमा राखिएको गाउँपालिकाले जनाएको छ । परीक्षण सफल भएमा व्यावसायिक उत्पादनतर्फ अघि बढ्ने योजना रहेको देवकोटाले बताउनुभयो।

भौगोलिक बनावट, चिसो र स्वच्छ पानीको उपलब्धता ट्राउट माछापालनका लागि उपयुक्त मानिन्छ । “हामीले सम्भाव्यता अध्ययनका लागि प्रारम्भिक परीक्षण सुरु गरेका हौँ, यसको नतिजा कस्तो आउँछ, त्यसपछि व्यावसायिक रुपमा माछापालनका लागि प्रोत्साहन गर्छौं”, उहाँले भन्नुभयो । रेन्बो ट्राउट उच्च मूल्यमा बिक्री हुने माछा भएकाले किसानका लागि आकर्षक आम्दानीको स्रोत बन्नसक्ने विश्वास गरिएको छ । साथै, खोलागाउँ क्षेत्रलाई मत्स्यपालनसँगै आन्तरिक तथा बाह्य पर्यटकका लागि नयाँ गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिइएको देवकोटाको भनाइ छ । परीक्षण चरणको नतिजा उत्साहजनक आएमा आगामी दिनमा प्राविधिक सहयोग, तालिम र आवश्यक पूर्वाधार विस्तारमार्फत अन्य किसानलाई समेत यस व्यवसायमा आबद्ध गराइने गाउँपालिकाको योजना रहेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो। स्थानीय तहको यस प्रयासले कृषिमा विविधिकरण र आत्मनिर्भरता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको उहाँले उल्लेख गर्नुभयो।

# केही निर्वाचन सामग्री छपाइ सम्पन्न

**रासस**
काठमाडौं, २९ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक छपाइ सामग्री छापिएर निर्वाचन आयोगमा आउन सुरु भएको छ।

कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको छापाखानामा छापिएका मतदान निर्देशिका, मतगणना निर्देशिका, निर्वाचनसम्बन्धी ऐन, नियम र अन्य निर्देशिका आवश्यकमात्रामा छापिई सकेर आयोगमा आउने क्रम सुरु भएको सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । छापिएर आएका छपाइ सामग्री पनि निर्वाचनका अन्य सामग्रीसँगै ७७ वटै जिल्लामा पठाउने गरी तयारी भएको छ।

# भेटघाट र अन्तरक्रिया सहित सुझाब संकलनमा उम्मेदवार रश्मि आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २९ माघ



निर्बाचनको मिति फागुन २१ गते नजिकिदै गर्दा ने क पा (एमाले) कास्की क्षेत्र न २ का उम्मेदवार रश्मि आचार्यले मतदाता भेटघाट र अन्तक्रिर्या सहित सुझाब संकलनलाई तिब्रता दिएका छ्न।

बिहीवार उम्मेदवार आचार्यले पोखरा महानगरपालिका वडा न २० अन्तरगत मौजा ,मोहोरिया का स्थानिय मतदातासंग सुझाव संकलन र अन्तरक्रिया गरेका छन । सो क्रममा उम्मेदवार आचार्यले पोखराको बिकासमा आफुले बिशिस्ट विशेषता सहितको बिकासको मोडल नीति परिकल्पना गरेको उल्लेख गरे । पोखरा आफैंमा बिशिस्टता बोकेको महानगर भएको हुँदा अबको युगमा यसलाइ सन्सारकै उत्कृष्ट पर्यटकिय गन्तव्य बनाउन “डेस्टिनेसन प्याराडाइज“को अबधारणा तयार गरेको उल्लेख गरे। पोखराको भुगोल र स्थानियतालाई जोड्न वरिपरिका ग्रामिण इलाका र मुख्य शहरी इलाकालाई पर्यटन मार्फत सम्बन्ध स्थापित र घनिभुत पार्न सकिन्छ । “लिङ्क पोखरा“ अबधारणा मार्फत भौतिक र पर्यटकीय बिकासमा उभार ल्याउन सकिने उनको तर्क छ।

यो पर्यटनको राजधानीलाई स्थानीय तहसंगको सहकार्यमा थप ब्यबस्थित गर्नुछ। त्यसका लागि भएका पर्यटकीय गन्तब्यको पहिचान , बिकास र ब्यबस्थापनको खाका “मार्क पोखरा “हुने उल्लेख गरे। भएका पर्यटकीय पूर्बाधारको बिकास त गर्नु नै छ राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गरेर बढी पर्यटक भित्र्याउनका लागि “ट्विट पोखरा’ अभियान स्थानीयसंगको सहभागीतामा महत्त्वपूर्ण हुन सक्ने बताए।

वडा न २० का विभिन्न टोल र बस्तिमा सुझाव ग्रहण गर्दै उम्मेदवार आचार्यले सबैको साथले अब्बल जनप्रतिनिधि भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे। निति निर्माण र त्यसको प्रभाबकारी कार्यन्वयनबाटै नयाँ युबा पुस्ताको युग निर्माण सुशासन र भ्रस्टाचार नियन्त्रणको मुख्य आधार हुने उल्लेख गरे।

जनताका भावाना र सुझाव सुन्न चुनाव पछि पनि नियमित कार्यतालिका निर्माण गरेर वडाका स्थानियहरूसंग आउने उनले प्रतिबद्धता जनाए । उत्साहपूर्ण सहभागीतामा सुझाव लिन सक्रिय उम्मेदवार आचार्य बिद्यार्थी राजनितिबाट उदाएका अब्बल युबा मानिन्छ्न।

# तनहुँमा आचारसंहिता उल्लङ्घनका १६ उजुरी

**पोखरापत्र संवाददाता**
दमौली, २९ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी यहाँ चुनावी गतिविधि सञ्चालन भइरहेका छन्। जिल्लामा हालसम्म निर्वाचन आचारसंहिता उल्लङ्घनसम्बन्धी १६ वटा उजुरी परेका हुन्।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले आचारसंहिता उल्लङ्घनका १६ वटा उजुरी परेका बताउँदै त्यसमा सम्बन्धित पक्षसँग मौखिक स्पष्टिकरण लिई आचारसंहिताको कार्यान्वयनका लागि सचेत गराइएको जानकारी दिनुभयो । तनहुँ क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार श्रीराम न्यौपानेद्वारा केही सामुदायिक विद्यालयमा वितरण गरिएको डिजिटल स्मार्ट बोर्डमा तस्बिर/सङ्केत भएका बारेमा उजुरी परेपछि उक्त बोर्डबाट न्यौपानेको फोटो हटाउन लगाइएको प्रजिअ तिवारीले बताउनुभयो । उहाँका अनुसार सोबाहेक राजनीतिक दलले भीड प्रर्दशनी गरेको, झण्डा धेरै प्रयोग गरेको, सरकारी कर्मचारी पनि निर्वाचनको प्रचारमा हिडेकोलगायत विषयमा उजुरी परेका छन् । उजुरीका बारेमा सम्बन्धित पक्षलाई सचेत गराई आचारसंहिता पालना गर्न अनुरोध गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले उल्लेख गर्नुभयो । निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो । आचारसंहिता उल्लङ्घन अनुगमनका लागि सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीलाई जिम्मेवारी तोकिएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन सबै पक्षको आवश्यक पर्ने भएकाले आचारसंहिता पालना गर्न अनुरोध गरिएको रेग्मीले बताउनुभयो। प्रचारप्रसारका क्रममा कानुन र निर्वाचन आचारसंहिताको पालना अनिवार्य गर्नुपर्ने उल्लेख गर्दै रेग्मीले सबै राजनीतिक दल, उम्मेदवार, समर्थक तथा सरोकार भएका पक्षलाई मर्यादित व्यवहार गर्न आग्रह गर्नुभयो।

निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षाका सबै संयन्त्र परिचालन गरिएको छ भने निर्वाचन अधिकृतको कार्यालयसँग समन्वय गरी नियमित अनुगमन भइरहेको छ। कुनै पनि किसिमका आचारसंहिता उल्लङ्घन, अवाञ्छित गतिविधि वा गुनासो देखिए तत्काल जानकारी गराउन उहाँले आग्रह गर्नुभयो। तनहुँ क्षेत्र नं १ मा १६ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यो क्षेत्रमा नेपाली कांग्रेसबाट गोविन्द भट्टराई, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट भगवती न्यौपाने, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट विद्यानाथ ढकाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट डा स्वर्णिम वाग्ले, नेकपा (माओवादी) बाट ओमविक्रम पन्त, श्रम संस्कृति पार्टीबाट काशीराम गुरुङ, आमजनता पार्टीबाट चिजामाया अधिकारी, स्वतन्त्र उम्मेदवार दीपकराज जोशी, मङ्गोल अर्गनाइजेसन पार्टीबाट प्रेमबहादुर थापा, उज्यालो नेपाल पार्टीबाट मञ्जिल राना, नेपाल जनमुक्ति पार्टीबाट यामबहादुर आले, नेपाल मजदुर किसान पार्टीबाट रामलक्ष्मी दुवाल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामदत्त जोशी, स्वतन्त्र उम्मेदवार लेखनाथ खनाल, स्वतन्त्र उम्मेदवार सन्देश रानाभाट लौडारी, नेशनल रिपब्लिक नेपालबाट सुमन थापा मगर प्रतिस्पर्धामा हुनुहुन्छ । तनहुँ क्षेत्र नं २ का निर्वाचन अधिकृत भेषराज पौडेलले यस क्षेत्रमा कुनै उजुरी नपरेको जानकारी दिनुभयो । यस क्षेत्रमा ११ जना उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ । नेपाली कांग्रेसबाट शङ्कर भण्डारी, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट केदार सिग्देल, नेपाली कम्युनिष्ट पार्टीबाट सोमबहादुर थापा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट श्रीराम न्यौपाने, राष्ट्रिय जनमुक्ति पार्टीबाट लालबहादुर गोतामे, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट यमबहादुर ठकुरी, नेपाल जनमुक्ति पार्टीबाट पूर्णबहादुर राना, मङ्गोल अर्गनाइजेशनबाट सुष्मा आले, नेशनल रिपब्लिक नेपालबाट नमबहादुर राना, नेपाल मजदुर किसान पार्टीबाट लक्ष्मण अधिकारी र नेकपा (माओवादी)बाट गणेशबहादुर लामगादे प्रतिस्पर्धामा हुनुहुन्छ। निर्वाचनका लागि तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएका छन् । जिल्लामा दुई वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेका छन्।

# एचआइभी सङ्क्रमितमा यौनरोगको समस्या

**पोखरापत्र संवाददाता**
चितवन, २९ माघ

रोजगारीका लागि विदेश गएर फर्किएका कामदारमा यौन रोगको समस्या बढी देखिने गरेको पाइएको छ।

एचआइभी सङ्क्रमितहरूको उपचार गर्दै आएको भरतपुर अस्पताल र नारायणी अस्पताल वीरगञ्जको एआरटी सेन्टरले गरेको अध्ययनमा यस्तो भेटिएको हो।

दुई अस्पतालमा एक हजार ६३७ जनाको परीक्षणका क्रममा १०२ जनामा यौन रोग देखिएको भरतपुर अस्पताल, एआरटी सेन्टर प्रमुख कृष्णहरि सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार यौन रोग सङ्क्रमितमध्ये ३२ जना रोजगारीका लागि विदेश गएर फर्किएका रहेका छन्। यस्तै, यौन व्यवसायमा लागेका छ जना, उनीहरू साथी २२ जना, तेस्रो लिङ्गी ११ जना र अन्य ३१ जना रहेका छन्।

सेन्टर प्रमुख सापकोटाले यौन रोगमा सबैभन्दा धेरै ८८ जनामा भिरिङ्गीको सङ्क्रमण देखिएको बताउनुभयो । अन्य यौन रोगमा भेरिना, पाठेघरको सङ्क्रमण एवं ढुसीजन्य सङ्क्रमण देखिएको पाइएको उहाँले जानकारी दिनुभयो।

भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा प्रमोद पौडेलले असुरक्षित यौन सम्पर्कका कारण यौन रोगको सङ्क्रमण बढेको पाइएकाले सतर्कता अपनाउन आग्रह गर्नुभयो । उहाँले सुरक्षित यौन सम्पर्क गर्न र समय समयमा स्वास्थ्य परीक्षण गर्नुपर्नेमा जोड दिनुभयो।

# युवा मतदाताको रोजाइ सुशासन, विकास र रोजगारी दिने उम्मेदवार

रासस
म्याग्दी, २९ माघ

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै जाँदा म्याग्दीका मतदाताले आफ्नो धारणा बनाउन थालेका छन् । अब विगतमा झैं भाषण, आरोप-प्रत्यारोप र आश्वासन बाँड्नेलाई नभई सुशासन, विकास र रोजगारीमार्फत भविष्य निर्माणको सङ्कल्प तथा योजना भएका उम्मेदवार भोट दिने युवा मतदाता बताउने गरेका छन् ।



सहरी क्षेत्रदेखि ग्रामीण बस्तीसम्मका मतदातामा काम गर्ने, समाज जोड्ने र विश्वास कायम गर्ने नेतृत्व रोज्ने धारणा बलियो बन्दै गएको युवा मतदाता भवि शर्माको भनाइ छ। उहाँ भन्नुहुन्छ, "चुनावको मौसममा उम्मेदवार र मतदाता दुवैका विचारहरू आइरहेका छन् । विगतदेखि नै उम्मेदवारले झुटा आश्वासन र विकासे नारामा हामीलाई लोभ्याउँदै आएको अवस्थामा यसपटक त्यस्तो हुँदैन । देशका समस्या समाधान गर्ने स्पष्ट योजना भएको उम्मेदवारलाई रोज्छौँ, त्यसका लागि हामीले सचेत भएर हेरिरहेका छौँ ।" बेनी नगरपालिका-२ का मतदाता पूर्णबहादुर खत्री समाजमा विग्रह ल्याउने र गलत कुरा गरेर मत बटुल्ने सोचविरुद्ध आफू रहेको बताउनुहुन्छ । "हरेक चुनावमा सपना बाँडिन्छ, तर काम देखिँदैन । यसपटक पनि कतिपयले त्यस्तै गर्न खोजिरहेका छन्, तर हामी सचेत छौँ । अब समाजलाई भ्रमित बनाउने र झुट्टा आश्वासन दिने उम्मेदवारलाई भोट दिँदैनौँ । जनताको दुःख बुझ्ने र काम गर्ने मान्छेलाई रोज्छौँ", उहाँले भन्नुभयो। मङ्गला गाउँपालिका-५ का किसान हरिकृष्ण पौडेलले देशमा सबैभन्दा प्रचुर सम्भावना भएर पनि उपेक्षामा परिरहेको कृषि क्षेत्रको विकासको स्पष्ट खाका ल्याउने दल र उम्मेदवारलाई आफ्नो सहयोग रहने बताउनुभयो । उहाँले कृषि, पर्यटन, रोजगारीलगायत क्षेत्रमा देखिएका समस्या समाधानको नीति, कार्यक्रम र सोच ल्याउनुको सट्टा नपत्याउने गफ गर्नेलाई पहिचान गर्ने चरणमै रहेकाले यसपटक सोचेर मात्र मत दिने योजना रहेको बताउनुभयो । खत्रीले भन्नुभयो,"हामीलाई मल, सिँचाइ, सडक र बजार चाहिएको हो। जात र दलको कुरा गरेर समाज भाँड्ने राजनीति अब स्वीकार्य छैन । यस्तो प्रवृत्तिलाई भोट जाँदैन । यसपटक निकै सचेत भएर मत हाल्छौँ ।"

म्याग्दीमा राजनीतिक दलका र स्वतन्त्र गरी १२ जना उम्मेदवार चुनावी मैदानमा छन् । हाल सबै उम्मेदवार जनताको घरदैलोमा गई आफ्ना योजना सुनाइरहेका छन् । नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले जनताले खोजेको विकास र सुशासन नै आफ्नो मुख्य 'एजेन्डा' भएको र जनताको घरघर गएर समस्या पहिचान र गुनासो सुन्ने काम भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "विभाजनको राजनीति होइन, सबैलाई समेटेर विकास गर्ने सोचसहितको बाटोमा हामी प्रतिबद्ध छौँ । मतदाताको विश्वासलाई कामबाटै प्रमाणित गर्छौं ।"नेकपा (एमाले) का उम्मेदवार हरिकृष्ण श्रेष्ठ पनि जनचाहनाअनुसार नै आफूले काम गर्ने विषयमा जनतालाई बुझाउने काम भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "जिल्लाको विकास र स्थानीयका चाहनाबारे हामी जानकार छौँ । गरिब, किसान र युवाका मुद्दा संसद्मा बलियो गरी उठाउने र जनचाहनाअनुसार नै विकास काम अगाडि बढाउनेमा मेरो पार्टी र म प्रतिबद्ध छु।" नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार अर्जुनबहादुर थापाले म्याग्दीमा अधुरा विकास योजना पूरा गर्नु आफ्नो प्राथमिक सरोकार भएको बताउनुभयो । "आश्वासन होइन, स्पष्ट योजना र समयसीमासहित काम गरेर देखाउने हाम्रो लक्ष्य छ । सोहीअनुसार जनतालाई बुझाउने काम भइरहेको छ", उहाँले भन्नुभयो । यस्तै, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिएर स्वतन्त्र उम्मेदवार बन्नुभएका महावीर पुनले आफूलाई परम्परागत राजनीतिभन्दा फरक भएको दाबी गर्दै घरदैलो गरिरहनुभएको छ । उहाँ भन्नुहुन्छ, "जनताले पुरानो शैली अस्वीकार गरिसकेका छन् । पारदर्शिता, जवाफदेहिता र परिणाममुखी काम नै मेरो पहिचान हुनेछ। त्यसका लागि मैले आफ्नो स्पष्ट सोच र योजना बनाएको छु।"

यहाँ उम्मेदवार आफ्ना कुरा राख्न र मत माग्न व्यस्त छन् । मतदाताले पनि योजना र व्यक्तिको पृष्ठभूमि हेरेर निर्णय गर्छौं भनेर आफ्नो धारणा राखिरहेका छन् । बेनी बजारमा व्यवसाय गर्दै आउनुभएका शिव पौडेलले उम्मेदवारका प्रतिबद्धता कार्यान्वयनको आधार देखेमा मात्रै यसपालिको निर्वाचनमा कुनै उम्मेदवारलाई मत दिने बताउनुहुन्छ। "नेताहरूका कुरा धेरै सुनियो । अब व्यापार, रोजगारी र स्थायित्वका कुरा गर्ने उम्मेदवारलाई नै मेरो र परिवारको भोट जान्छ", उहाँ भन्नुहुन्छ । बेनीकी युवा मतदाता अङ्गिता पुन पनि भन्नुहुन्छ, "हामी भाषण होइन, भविष्य खोजिरहेका छौँ । युवालाई देशमै अवसर दिने नीति र योजना भएको उम्मेदवारलाई मात्र भोट दिन्छौँ ।" माउन्ट एभरेष्ट आवासीय माविका प्रधानाध्यापक राजु केसी मतदातामा बढ्दै गएको चेतनाले यसपटक निर्वाचन भावनाभन्दा मूल्याङ्कनमा आधारित हुने सङ्केत देखिएको बताउनुहुन्छ। आश्वासन र समाजमा दरार ल्याउने रणनीतिले उम्मेदवारलाई घाटा पुऱ्याउन सक्ने उहाँको विश्लेषण छ । यहाँका अधिकांश मतदाताले राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर कालोपत्र गर्ने, अन्य सडक निर्माण तथा स्तरोन्नति, खानेपानी, शिक्षा, कृषि क्षेत्रको प्रवर्द्धन, सुलभ स्वास्थ्य सेवा, रोजगारीलगायतका मुद्दालाई मूल्याङ्कनको आधार बनाउने बताएका छन् । म्याग्दीमा एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार यहाँ कुल ८६ हजार ३९७ मतदाता छन्, जसमध्ये अन्य एक, महिला ४४ हजार ६४ र पुरुष ४२ हजार ३३२ छन् । निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएका छन् ।

# प्रदेश आयुर्वेद चिकित्सालयबाट सोह्र हजार बढीले लिए सेवा

पोखरापत्र संवाददाता
तनहुँ, २९ माघ

प्रदेश आयुर्वेद चिकित्सालय दमौलीबाट छ महिनाको अवधिमा १६ हजार ६३१ जनाले स्वास्थ्य सेवा लिएका छन् ।

चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म उक्त सङ्ख्यामा बिरामीले उपचार सेवा लिएका हुन् । कार्यालयका अनुसार श्रावण महिनामा दुई हजार ६५३, भदौमा एक हजार ८९९, असोजमा एक हजार ४८३ जना बिरीले उपचार सेवा लिएका छन् । यसैगरी कात्तिकमा दुई हजार १३७, मङ्सिरमा तीन हजार ८२२ र पुस महिनामा चार हजार ६३७ जना रहेका छन् । पछिल्लो समय प्रदेश आयुर्वेद चिकित्सालयमा उपचार गर्न आउने बिरामीको आकर्षण बढ्दै गएको वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईंले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आयुर्वेदिक उपचार विधिलाई प्रभावकारी बनाइएसँगै उपचारका लागि आउने बिरामीको सङ्ख्या बढ्दै गएको छ ।" चिकित्सालयमा तनहुँसहित जिल्लाको सिमानामा पर्ने गोरखा, लमजुङ, स्याङ्जा, कास्कीलगायत स्थानबाट पनि उपचारका लागि बिरामी आउने गरेका छन् । कार्यालयले सञ्चालनमा ल्याएको बहिरङ्ग सेवाबाट सबैभन्दा धेरै छ हजार १६३ जनाले सेवा लिएका छन् । यसैगरी, पञ्चकर्मबाट पाँच हजार ९०६, योग सेवाबाट तीन हजार १०७, फिजियोथेरापीबाट एक हजार ८६, प्रयोगशालाबाट १५९, स्तनपायी आमा तथा शिशु सेवाबाट ७६, शिरोधाराबाट २९ र क्षारसूत्रमा एक जना लाभान्वित भएका छन् । विशेषगरी ग्याष्ट्रिक, बाथरोग, नसारोग, छालाजन्यका बिरामी उपचारका लागि बढी आउने गरेको कार्यालय प्रमुख एवं आयुर्वेद डा नारायण श्रेष्ठले बताउनुभयो ।

# एकमहिनापछि दरवाङ-म्याग्दीखोला जलविद्युत् आयोजना निर्माण सुचारु

पोखरापत्र संवाददाता
म्याग्दी, २९ माघ

म्याग्दीको मालिका र धवलागिरि गाउँपालिकामा निर्माणाधीन २५ मेगावाट क्षमताको दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको निर्माणमा भएको अवरोध एक महिनापछि आजदेखि हटेको छ ।



धौलागिरि कालिका हाइड्रो लिमिटेड प्रवर्द्धक रहेको जलविद्युत आयोजनाका कारण दरवाङ-दाङखोला- धारापानी- ताकम-मुना- लुलाङ- गुर्जा सडक अन्तर्गत मालिका गाउँपालिका-५ र धवलागिरि गाउँपालिका-७ को सिमाना दाङखोलामा ठेक्का सम्झौता भएको छ वर्षसम्म पनि पुल निर्माण सुरु नभएपछि आन्दोलनमा उत्रिएका धवलागिरि गाउँपालिकाका बासिन्दाले गत पुस २५ गतेदेखि आयोजना निर्माण बन्द गराएका थिए। स्थानीयवासीको माग अनुसार चालु आर्थिक वर्ष भित्रनै मोटरेबल पुल निर्माण सुरु हुने सुनिश्चितता भएकाले आन्दोलनमा सहभागी राजनीतिक दल र स्थानीय अगुवासँगको परामर्शमा आन्दोलन फिर्ता लिने र जलविद्युत् आयोजना निर्माण कार्य सूचारु गराउन सहयोग गर्ने निर्णय भएको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले जानकारी दिनुभयो । धौलागिरि कालिका हाइड्रोका प्रबन्ध निर्देशक हर्कमान मगरले कानुनी प्रक्रिया पूरा गरेर जति सक्दो छिटो पुल निर्माण सुरु र सम्पन्न गरिने प्रतिबद्धता जनाउनुभयो ।

दाङखोलामा पुल निर्माणका लागि पूर्वाधार विकास कार्यालय म्याग्दी र इन्द्रेणी-फेवा जेभी पोखराबीच विसं २०७६ जेठ २२ गते रु एक करोड ९३ लाख २९ हजार ४५७ मा ठेक्का सम्झौता भएको थियो । विसं २०७७ जेठ २० गते सम्पन्न गर्ने लक्ष्य राखिएको १८ मिटर लामो मोटरेवल निर्माणकार्य सुरु गर्ने तयारी भएको अवस्थामा दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजनाको बाँधको डुवान क्षेत्र पर्ने हुँदा प्रस्ताव गरिएको भन्दा दुई सय मिटरमाथि पुल बनाउन प्रदेश सरकारलाई आग्रह गर्ने र सरकारी निकायबाट पुल नबनेको अवस्थामा आयोजनालेनै पुल बनाउने सहमति भएको थियो ।

जलविद्युत् आयोजनाले समयमा काम गर्न नदिएको लगायतका कारण देखाएर निर्माण व्यवसायी अदालत जाँदा पुल निर्माण सुरु हुन नसकेकाले दबाबका लागि पुल निर्माण सुरु नहुँदासम्म जलविद्युत् आयोजना निर्माणकार्य बन्द गराएका थिए। विस २०७५ मा दाङखोलामा धवलागिरि गाउँपालिकाले निर्माण गरेको अस्थायी मोटेरबल पुल जीर्ण भएको र नयाँ पुल निर्माण नहुँदा गुर्जा, लुलाङ, मुना, मुदी, ताकमका बासिन्दालाई आवतजावत् गर्न समस्या भएको छ।

# स्वास्थ्य बिमाबापत एक लाख बराबरको उपचार सेवा यथावत्

रासस
काठमाडौं, २९ माघ

स्वास्थ्य बिमा बोर्डले बीमितले पाउँदै आएको रु एक लाखको उपचार सेवा सुविधा नघटाइएको स्पष्ट पारेको छ।

बिमा गरेबापतको रु एक लाख बराबर उपचार शुल्क यथावत् राखिएको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिनुभयो। उहाँले बीमा कार्यक्रमअन्तर्गत रु तीन हजार ५०० बराबरको योगदान बराबर पाँच जना परिवारले पाउने वार्षिक कुल रु एक लाख बराबरको उपचार सेवाको सीमा यथावत् राखिएको बताउनुभयो । बोर्डले रु २५ हजार ओपिडी सेवा र रु ७५ हजार अस्पतालमा भर्ना तथा आकस्मिक सेवाका लागि प्रयोग गर्न सकिने गरी छुट्याइएको सूचना अधिकारी मल्लले बताउनुभयो । स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ । यस्तै, थप प्रतिसदस्य रु सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान रहेको छ। बोर्डले अनावश्यक रूपमा हुने ओपिडी सेवाको प्रयोग र दोहोरोपन रोक्न तथा गम्भीर, जटिल र ज्यान जोखिममा पर्ने रोगको उपचारका लागि स्रोत सुनिश्चित गर्नका लागि सेवाको रकम छुट्याएकाले सोहीअनुसार प्रयोग गर्न पनि आग्रह गरेको छ। सूचना अधिकारी मल्लले भन्नुभयो,"पाँच जनाको परिवारले वर्षभरिमा बढीमा रु दुई हजार ५०० बराबरको बहिरङ्ग सेवा (ओपिडी) सेवा लिन पाउने व्यवस्था छ । पाँच जनाभन्दा बढी सदस्य भएका प्रतिसदस्यले थप रु पाँच हजार बराबरको ओपिडी सेवा कायम गरिएको छ।" हाल स्वास्थ्य बिमाको बजेटको ७० प्रतिशतभन्दा ठूलो हिस्सा सामान्य बिरामीको ओपिडी सेवामा नै खर्च भइरहेको छ। यसले गर्दा परिवारमा कसैलाई गम्भीर रोग लाग्दा वा महँगो शल्यक्रिया आवश्यक पर्दा बिमाको रकम अपर्याप्त हुने र बिरामीको आफ्नै खल्तीबाट ठूलो रकम खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको जानकारहरू बताउँछन्। बोर्डका सूचना अधिकारी मल्लले वास्तविक बिरामीको उपचारमा बिमाको रकम खर्च गर्ने उद्देश्यका साथ ओपिडी, अस्पताल भर्ना र शल्यक्रिया जस्ता अलग अलग शीर्षकमा खर्च तोकिएकाले त्यसको पालना गर्न आग्रह गर्नुभयो ।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१००१३७४९ | चन्द्र कुमारी अधिकारी | हटिया-१, बागलुङ |
| २ | PLI १६१००१३७४९(S) | चन्द्र कुमारी अधिकारी | हटिया-१, बागलुङ |
| ३ | PLI १६१००१३४८८ | कमल बहादुर अधिकारी | हटिया-१, बागलुङ |
| ४ | PLI १६१००१३४८८(S) | कमल बहादुर अधिकारी | हटिया-१, बागलुङ |

## कारोवार नियमित गर्ने सम्बन्धी सार्वजनिक सूचना ।

प्रकाशित मिति: २०८२/११/०१

**सञ्चार बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८२ साल माघ २१ गतेको सञ्चालक समितिको बैठकको निर्णयले संस्थाको सदस्य भै विगत ५ वर्षदेखि संस्थाको निम्नानुसारका सदस्यहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र खाता अद्यावधिक गरि कारोबार नियमित गर्न यो सार्वजनिक सूचना मार्फत आव्हान गरिन्छ। अन्यथा संस्थाको सदस्यबाट हटाई खाता बन्द गरिने व्यहोरा जानकारी गराइन्छ।**

- नियमित बचत नगरेका,
- संस्थाको वार्षिक साधारण सभामा सहभागि नभएका,
- सदस्य पहिचान फारम नभरेका,
- संस्थाले विभिन्न समयमा गरेका कार्यक्रममा सहभागि नभएका,
- संस्थाले पटक-पटक सम्पर्क गरि ताकेता गर्दा अटेर गरेका र सम्पर्कमा नआएका सदस्यहरु,
- न्यूनतम मौज्दात भन्दा कम बचत भएका,
- स्पष्ट पहिचान नभएका ।

सञ्चार बचत तथा ऋण सहकारी संस्था लि.
SANCHAR SAVING & CREDIT COOPERATIVE SOCIETY LTD.
पोखरा-८, प्रगतिमार्ग
०६१-५७७१६६ sancharsaving55@gmail.com

## गैह्र बैंकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

**प्रकाशित मिति:** २०८२/११/०१

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि., पोखरा-८, सभागृहचोकको स्वामित्वमा रहेको तपशिल बमोजिमको जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस सहकारीबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतिस) दिनभित्र कार्यालय समयमा यस सहकारी संस्थाको कार्यालय, सभागृहचोक, पोखरामा लिलाम बिक्री गोप्य शिलबन्दी बोलपत्र फाराम रीतपूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्वारा आह्वान गरिन्छ । यस सहकारी समक्ष प्राप्त हुन आएका बोलपत्रहरु ३६ (छत्तिस) औँ दिन अर्थात तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता र बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट दिनको १ बजे बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने र नगर्ने वा रद्द गर्ने वा छलफल गर्ने सम्पूर्ण अधिकार यस सहकारीमा सुरक्षित रहनेछ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सहकारीको कार्यालयमा सम्पर्क गर्नुहोला ।

तपसिल

बोलपत्र खुल्ने मितिः २०८२/१२/६ गते शुक्रबार
समयः दिनको १ बजे
स्थानः संस्थाको कार्यालय, सभागृहचोक, पोखरा-८, कास्की ।

तपसिल

| क्र. सं. | जिल्ला | गा.वि.स. | वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कास्की | अर्घौ | ८ | ०९४१०४४१ | ३५४५ | ०-४-१-१<br>१३७।१० व.मि. | जग्गा | हाल पोखरा म.न. पा. वडा नं. २६ |

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**